# शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेतले २० औं गाउँ सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

**(२०८३ असार १० गते बुधबार)**

**शान्तिनगर गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**जुम्लेकुला, दाङ**

**लुम्बिनी प्रदेश, नेपाल**

# शान्तिनगर गाउँपालिका

# आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**
**राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी, बुद्धिजीवी, शिक्षक, सुरक्षाकर्मी, उद्योगी-व्यवसायी, किसान, युवा, महिला तथा सम्पूर्ण शान्तिनगरवासी दिदीबहिनी तथा दाजुभाइहरू ।**

शान्तिनगर गाउँपालिकाको गरिमामय **२० औं गाउँसभा** समक्ष आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त हर्ष, गौरव र जिम्मेवारीको अनुभूति भएको छ। यस ऐतिहासिक अवसरमा नेपालको सार्वभौमिकता, लोकतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र तथा नागरिक अधिकारको स्थापना र संरक्षणका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।साथै विभिन्न लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, जेन्जी आन्दोलन तथा परिवर्तनका अभियानमा योगदान पुऱ्याउनुहुने अग्रज, घाइते, बेपत्ता योद्धा तथा सम्पूर्ण नागरिकप्रति उच्च सम्मान व्यक्त गर्दछु।

**समृद्धिको नयाँ यात्राः** शान्तिनगर गाउँपालिका केवल भौतिक पूर्वाधार निर्माण गर्ने संस्था मात्र होइन; नागरिकको जीवनस्तर उकास्ने, गुणस्तरीय सेवा सुनिश्चित गर्ने र समावेशी विकासलाई संस्थागत गर्ने जिम्मेवार स्थानीय सरकार हो । हामीले विगतका वर्षहरूमा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा, डिजिटल सेवा, सुशासन तथा सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेका छौं। ती उपलब्धिहरूलाई संस्थागत गर्दै अब **गुणस्तर, नवप्रवर्तन, उत्पादन, रोजगारी र दिगोपन** मा केन्द्रित विकास यात्रालाई थप गति दिने समय आएको छ। अबको हाम्रो प्राथमिकता **" धेरै काम गर्ने, परिणाम दिने"** स्थानीय सरकार निर्माण गर्नु हो ।

**मूल मन्त्रः "जनताको विश्वास,विकासको आधार"**

**हाम्रो दीर्घकालीन सोच (Vision): "शिक्षित, स्वस्थ, उत्पादनशील, प्रविधिमैत्री, वातावरणमैत्री र आत्मनिर्भर शान्तिनगर निर्माण"**

**हाम्रो मूल ध्येय (Mission):** सुशासन, पारदर्शिता, उत्तरदायित्व, गुणस्तरीय सार्वजनिक सेवा, नवप्रवर्तन, समावेशिता तथा दिगो विकासका सिद्धान्तलाई आत्मसात् गर्दै नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने कार्यक्रम कार्यान्वयन गर्नु।

## आर्थिक वर्ष २०८३/८४ का प्रमुख प्राथमिकताहरू

यस आर्थिक वर्षमा गाउँपालिकाले निम्न विषयलाई उच्च प्राथमिकतामा राखी नीति तथा कार्यक्रम कार्यान्वयन गर्नेछ,

१. गुणस्तरीय, प्रविधिमैत्री, समावेशी र जीवनोपयोगी शिक्षा

२. विशेषज्ञ सेवासहितको सहज र पहुँचयोग्य स्वास्थ्य सेवा

३. आधुनिक, व्यवसायिक तथा बजारमुखी कृषि

४. स्थानीय उत्पादन, उद्यमशीलता र रोजगारी प्रवर्द्धन

५. डिजिटल सुशासन र छिटोछरितो सार्वजनिक सेवा

६. गुणस्तरीय पूर्वाधार तथा सुरक्षित यातायात पूर्वाधार तथा बस्ती विकास

७. महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण

८. पर्यटन, संस्कृति तथा स्थानीय सम्पदाको संरक्षण

९. जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षण

१०. वित्तीय अनुशासन, पारदर्शिता र संस्थागत सुशासन

## विगत वर्षका प्रमुख उपलब्धिहरू

हामीले विगत वर्षमा हासिल गरेका उपलब्धिहरू आगामी विकास यात्राका बलिया आधार हुन् । मुख्य उपलब्धिहरू यसप्रकार छन्–

- गाउँपालिकाका विभिन्न महत्वपूर्ण आयोजना कार्यान्वयनमा उल्लेखनीय प्रगति ।
- सडक, शिक्षा, स्वास्थ्य, कृषि तथा खानेपानी पूर्वाधार विस्तार ।
- कक्षा १देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तथा स्थानीय पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन ।
- १५ शय्याको अस्पताल सञ्चालनको आधार तयार ।
- विद्यालयमा भौतिक पूर्वाधार विकास तथा शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन ।
- कृषि सेवा, किसान सूचीकरण तथा किसान सञ्जाल विस्तार ।

- डिजिटल सेवा प्रवाहमा सुधार तथा अनलाइन प्रणाली विस्तार ।
- सामाजिक सुरक्षा, महिला सशक्तीकरण तथा बाल संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन ।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि ।

यस उपलब्धिको जगमा टेकेर अब हामी **"पूर्वाधारबाट समृद्धितर्फ, सेवाबाट सन्तुष्टितर्फ र योजनाबाट परिणामतर्फ"** उन्मुख हुनेछौं।

**अव म आ.व. २०८३/८४ को लागि देहाय अनुसार वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती माग्दछु ।**

**गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

## १. संस्थागत विकास तथा सुशासनः "सुशासन हाम्रो प्रतिबद्धता, नागरिक सन्तुष्टि हाम्रो सफलता"

समृद्ध शान्तिनगर निर्माणको आधार सुशासन, पारदर्शिता, उत्तरदायित्व र गुणस्तरीय सार्वजनिक सेवा हो। स्थानीय सरकारप्रति नागरिकको विश्वास अझ सुदृढ बनाउन सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी, प्रविधिमैत्री र परिणाममुखी बनाइनेछ। सार्वजनिक प्रशासनलाई नागरिकमैत्री, उत्तरदायी र प्रभावकारी बनाउँदै सुशासनको संस्कृतिलाई संस्थागत गरिनेछ। यस उद्देश्यका लागि आगामी आर्थिक वर्षमा देहायका नीति अवलम्बन गरिनेछः

१. गाउँपालिकाको सम्पूर्ण सेवा प्रवाहलाई क्रमशः **Digital Governance** मा रूपान्तरण गरी नागरिकले सकेसम्म घरबाटै अनलाइन माध्यमबाट सेवा प्राप्त गर्न सक्ने व्यवस्था विस्तार गरिनेछ।

२. सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्न **Citizen Charter, Token System, Digital Display Board, Online Tracking System** तथा सेवाग्राही सन्तुष्टि मापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

३. "जनताको गुनासो, सरकारको प्राथमिकता" भन्ने अवधारणालाई कार्यान्वयन गर्दै गुनासो व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाई समयमै सम्बोधन गरिनेछ।

४. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप सरल, छिटो र पारदर्शी बनाउन आवश्यक सेवा क्रमशः वडा तहबाटै उपलब्ध गराइनेछ।

५. सूचना प्रविधिको अधिकतम प्रयोग गरी प्रशासनिक कार्यलाई कागजरहित (Paperless Office) प्रणालीतर्फ उन्मुख गरिनेछ।

६. कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीको कार्यसम्पादन मूल्याङ्कनलाई परिणाममुखी बनाई उत्कृष्ट कार्यसम्पादन गर्ने जनशक्तिलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था गरिनेछ।

७. स्थानीय शासन कार्यसम्पादन मूल्याङकन प्रणाली (LGPAS) लगायतका विभिन्न अन्य सूचकमा उत्कृष्ट नतिजा हासिल गर्ने गरी संस्थागत क्षमता विकास गरिनेछ।

८. गाउँपालिकाको समग्र सामाजिक, आर्थिक तथा भौतिक अवस्थाको **Digital Profile** तयार गरी तथ्यमा आधारित योजना निर्माण र बजेट व्यवस्थापन गरिनेछ।

९. सार्वजनिक खरिद, योजना कार्यान्वयन तथा भुक्तानी प्रक्रियालाई समयबद्ध, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।

१०. प्रत्येक सार्वजनिक निकायमा सुशासन, जवाफदेहिता, वित्तीय अनुशासन तथा भ्रष्टाचार नियन्त्रणलाई संस्थागत गरिनेछ।

११. युवालाई लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा अन्य प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन प्रेरित गर्न निःशुल्क तयारी कक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१२. "जनतासँग अध्यक्ष" तथा "वडामै सरकार" जस्ता नागरिकसँग प्रत्यक्ष संवाद कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गरी नीति निर्माण र सेवा प्रवाहमा नागरिक सहभागिता बढाइनेछ।

१३. "संघीय सरकारको नीति तथा कार्यक्रमको भावना अनुरूप गाउँपालिका तथा गाउँपालिका अन्तर्गत निकायमा कार्यरत स्थायी तथा अन्य सबै प्रकारका पदमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको मनोबल उच्च राख्न, क्षमता अभिवृद्धि गर्न, कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गर्न तथा प्रचलित कानुनको अधीनमा रही सेवा–सुविधालाई क्रमशः समयानुकूल बनाउँदै लगिने नीति अवलम्बन गरिनेछ।"

## २. योजना व्यवस्थापन तथा विकास प्रशासनः"योजनामा पारदर्शिता, कार्यान्वयनमा गुणस्तर, विकासमा दिगोपन"

योजना निर्माणदेखि कार्यान्वयन र मूल्याङ्कनसम्मको सम्पूर्ण प्रक्रियालाई वैज्ञानिक, सहभागितामूलक, पारदर्शी र नतिजामुखी बनाइनेछ। सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने विकासलाई प्राथमिकता दिन देहायका क्रियाकलाप सञ्चालन गरिनेछ ।

- बहुवर्षीय, गौरवका तथा रणनीतिक महत्त्वका आयोजनालाई प्राथमिकता दिइनेछ।
- योजना छनोटमा नागरिक सहभागिता र आवश्यकतामा आधारित प्रणाली अवलम्बन गरिनेछ।

- योजनाको नियमित अनुगमन, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइलाई अनिवार्य बनाइनेछ।
- उपभोक्ता समिति, टोल विकास संस्था तथा समुदायको क्षमता अभिवृद्धि गरिनेछ।
- संघ, प्रदेश, निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी संस्थासँग सहकार्य र लागत साझेदारीलाई थप प्रभावकारी बनाइनेछ।
- असार केन्द्रित खर्चलाई न्यूनीकरण गरी समयमै योजना सम्पन्न गर्ने प्रणालीलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
- सार्वजनिक सम्पत्ति संरक्षण, मर्मत सम्भार तथा दिगो उपयोगका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## ३. शिक्षा, युवा तथा खेलकुदः "गुणस्तरीय तथा समावेशी शिक्षा : समृद्ध शान्तिनगरको वलियो ईच्छा"

शिक्षा नै समृद्ध समाज निर्माणको आधार हो। प्रत्येक बालबालिकाले सुरक्षित, समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्दै सार्वजनिक शिक्षाप्रतिको विश्वासलाई अझ सुदृढ बनाइनेछ। विद्यालयलाई केवल पढाइ हुने स्थान नभई **सिकाइ, सीप, नवप्रवर्तन, अनुसन्धान, अनुशासन, संस्कार र नेतृत्व विकासको केन्द्र**का रूपमा विकास गरिनेछ। आर्थिक वर्ष २०८३/८४ मा शिक्षा क्षेत्रमा निम्न नीतिहरू अवलम्बन गरिनेछः

**१. "हाम्रो विद्यालय : उत्कृष्ट विद्यालय" अभियानः** विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शैक्षिक, प्रशासनिक तथा भौतिक सुधारलाई एकीकृत रूपमा अघि बढाइनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीलाई वार्षिक रूपमा सम्मान तथा प्रोत्साहन गरिनेछ।

**२. "प्रत्येक कक्षामा गुणस्तरीय सिकाइ" कार्यक्रमः** कक्षाकोठामा विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, सिर्जनात्मक तथा प्रयोगात्मक शिक्षणलाई प्रवर्द्धन गर्दै सिकाइ उपलब्धि सुधारका लागि नियमित शैक्षिक अनुगमन, शिक्षक सहयोग तथा सिकाइ मूल्याङ्कन प्रणाली, विद्यार्थी र शिक्षक अनुपात मिलान, दरबन्दी मिलान, विद्यालय तह/कक्षा समायोजन जस्ता क्रियाकलापलाई प्रभावकारी बनाइनेछ।

**३. डिजिटल शिक्षा अभियानः** सामुदायिक विद्यालयमा क्रमशः **Smart Classroom** को लागि प्रत्येक माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्ड लगायतका डिजिटल सामग्री, ई–लाइब्रेरी तथा Learning Management System (LMS) को विकास गर्दै सूचना प्रविधिमा आधारित शिक्षण सिकाइलाई विस्तार गरिनेछ।

४. **"पढ्दै सिक्ने, सिक्दै कमाउने" कार्यक्रमः** माध्यमिक तहका विद्यार्थीलाई स्थानीय सम्भावना र श्रम बजारको आवश्यकता अनुसार कृषि, सूचना प्रविधि, उद्यमशीलता, वित्तीय साक्षरता, रोबोटिक्स, कृत्रिम बुद्धिमत्ता (AI), पर्यटन तथा अन्य जीवनोपयोगी सीपमूलक कार्यक्रमसँग जोडिनेछ।

५. **शिक्षक पेसागत विकासः** शिक्षकलाई परिवर्तनका संवाहकका रूपमा विकास गर्न निरन्तर पेसागत विकास, विषयगत तालिम, शैक्षिक अनुसन्धान, सहकर्मी सिकाइ तथा नवप्रवर्तनमा आधारित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

६. **प्रारम्भिक बालविकास सुधार अभियानः** प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर सुधार, सिकाइ सामग्री व्यवस्थापन, सहजकर्ताको क्षमता विकास तथा बालमैत्री वातावरण निर्माणलाई प्राथमिकता दिइ आधारभूत सिकाई प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

७. **विद्यालय नेतृत्व विकास कार्यक्रमः** शैक्षिक सुशासन प्रवर्द्धनका लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ । प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको नेतृत्व क्षमता विकास गरी विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

८. **समावेशी शिक्षाः** अपाङ्गता भएका, विपन्न, दलित, जनजाति, अल्पसंख्यक तथा अन्य लक्षित वर्गका बालबालिकाको साधारण तथा प्राविधिक शिक्षामा समान पहुँच, सहभागिता र निरन्तरताका लागि छात्रवृत्ति लक्षित विशेष सहयोगात्मक कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यार्थी तथा शिक्षकलाई प्रोत्साहन गरिनेछ ।

९. **विद्यालय स्वास्थ्य तथा पोषणः** स्वास्थ्य परीक्षण, मानसिक स्वास्थ्य परामर्श, किशोर–किशोरी स्वास्थ्य शिक्षा, पोषण, सरसफाइ तथा सुरक्षित विद्यालय कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१०. **स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनः** स्थानीय इतिहास, संस्कृति, भाषा, कृषि, पर्यटन, जैविक विविधता तथा स्थानीय सम्भावनालाई समेट्दै स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

११. **खेलकुद विकास "स्वस्थ युवा, सक्षम शान्तिनगर"**

खेलकुदलाई स्वास्थ्य, अनुशासन, नेतृत्व तथा सामाजिक एकताको माध्यमका रूपमा विकास गरिनेछ। यसका लागिः

- राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप तथा वडा स्तरीय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ ।
- विद्यालयमा खेलकुद पूर्वाधार विस्तार गरिनेछ ।
- प्रतिभाशाली खेलाडीलाई छात्रवृत्ति तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा छनोट हुने खेलाडीलाई विशेष सम्मान गरिनेछ ।
- महिलाहरुको खेलकुद सहभागिता बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५. स्वास्थ्यः"स्वस्थ नागरिक : समृद्ध शान्तिनगरको आधार"

स्वास्थ्य नागरिकको मौलिक अधिकार हो। प्रत्येक नागरिकले सहज, गुणस्तरीय, सुरक्षित तथा पहुँचयोग्य स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्दै उपचारभन्दा **रोकथाम, सचेतना र स्वस्थ जीवनशैली**लाई प्राथमिकतामा राखिनेछ। आर्थिक वर्ष २०८३/८४ मा स्वास्थ्य क्षेत्रमा निम्न नीति अवलम्बन गरिनेछः

**१. घरदैलो स्वास्थ्य सेवाः** ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी तथा सुत्केरी महिलाका लागि विशेषज्ञ चिकित्सक सहितको समूह मार्फत टोल टोलमा आवश्यक स्वास्थ्य परीक्षण सेवा विस्तार गरिनेछ।

**२. "निरोगी शान्तिनगर" अभियानः** योग, व्यायाम, मानसिक स्वास्थ्य, सन्तुलित आहार, नियमित स्वास्थ्य परीक्षण तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। क्षयरोग मुक्त अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

**३. स्वास्थ्य सेवाको विस्तारः** शान्तिनगर गाउँपालिकाको १५ शय्याको अस्पताललाई आवश्यक जनशक्ति, उपकरण तथा विशेषज्ञ सेवासहित क्रमशः पूर्ण क्षमतामा सञ्चालन गरिनेछ।

४. मृतकका आफन्तहरु स्वेदश तथा विदेशबाट ढिलो उपस्थित हुने विषयलाई मध्येनजर गर्दै Dead Body Freeze मार्फत मृत शरिरलाई सुरक्षित गर्ने नीति कार्यान्वयन गरिनेछ ।

**५. आमा तथा शिशु स्वास्थ्यः** सुरक्षित मातृत्व, पोषण, नियमित गर्भ परीक्षण तथा मातृ तथा नव शिशु स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**६. पोषणः** पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयमा नियमित स्वास्थ्य परीक्षण, किशोर किशोरी स्वास्थ्य सेवा, मानसिक स्वास्थ्य परामर्श, किशोर–किशोरी स्वास्थ्य शिक्षा तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

**७. टेलिमेडिसिन तथा स्वास्थ्य सिविर सेवा सञ्चालनः** विशेषज्ञ चिकित्सकको पहुँच विस्तार गर्न टेलिमेडिसिन सेवाको विस्तार तथा पालिका अन्तर्गत विभिन्न ठाँउमा स्वास्थ्य सिविर सञ्चालन गरिनेछ।

**८. आयुर्वेद तथा प्राकृतिक चिकित्साः** आयुर्वेद, योग तथा प्राकृतिक उपचार पद्धतिलाई प्रोत्साहन गर्दै एकीकृत स्वास्थ्य सेवाको विकास गरिनेछ।

## ६. कृषि विकासः"आधुनिक कृषि : आत्मनिर्भर किसान, समृद्ध शान्तिनगर"

कृषिलाई निर्वाहमुखीबाट व्यवसायिक, आधुनिक, प्रविधिमैत्री तथा बजारमुखी बनाउँदै किसानको आय वृद्धि र स्थानीय उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने नीति अवलम्बन गरिनेछ।

१.**"एक वडा : एक उत्कृष्ट कृषि उत्पादन"** कार्यक्रम सञ्चालन गरिनेछ।

२.रैथाने बाली, जैविक कृषि तथा प्राङ्गारिक उत्पादनलाई विशेष प्रोत्साहन गरिनेछ।

३.कृषकलाई उत्पादनदेखि बजारीकरणसम्म आवश्यक प्राविधिक सेवा, बीउ, प्रविधि तथा बजार पहुँच उपलब्ध गराइनेछ।

४.युवा कृषक तथा कृषि उद्यमीलाई विशेष अनुदान, तालिम तथा सहुलियतपूर्ण कार्यक्रम सञ्चालन गरिनेछ।

५.बाँझो जमिनको उपयोग, सामूहिक खेती तथा करार खेतीलाई प्रोत्साहन गरिनेछ।

६.कृषि उत्पादनको ब्रान्डिङ, प्याकेजिङ तथा मूल्य अभिवृद्धि उद्योग स्थापना गर्न निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

७.किसान सूचीकरणलाई पूर्णता दिई तथ्यमा आधारित कृषि सेवा प्रवाह गरिनेछ।

## ७. पशुपन्छी विकासः "व्यावसायिक पशुपालन : किसानको समृद्धिको नयाँ आधार"

पशुपालनलाई आधुनिक, व्यवसायिक तथा बजारमुखी बनाउँदै दुग्ध, मासु, मह, अण्डा तथा अन्य पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने नीति लिइनेछ। यसका लागिः

- कृत्रिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रम विस्तार गरिनेछ।
- पशु स्वास्थ्य शिविर तथा निःशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- डेरी, दूध संकलन केन्द्र तथा चिस्यान केन्द्र विस्तार गरिनेछ।
- पशु बीमा तथा व्यवसायिक पशुपालनमा सहजीकरण गरिनेछ।
- मौरी, बाख्रा, बंगुर तथा कुखुरा पालनलाई विशेष प्रोत्साहन गरिनेछ।

- पशुजन्य उत्पादनको प्रशोधन तथा बजारीकरणमा जोड दिइनेछ।

## ८. पर्यटन,संस्कृति तथा सम्पदा संरक्षणः "हाम्रो सम्पदा : हाम्रो पहिचान"

शान्तिनगर गाउँपालिकामा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै पर्यटनलाई स्थानीय आर्थिक विकासको महत्त्वपूर्ण आधारका रूपमा विकास गरिनेछ। यसका लागिः

- सुकेकोट, खर्काकोट दरबार तथा अन्य धार्मिक एवं ऐतिहासिक स्थलहरूको संरक्षण तथा पर्यटन पूर्वाधार विकास संगै प्यारागलाईडिङ परीक्षण उडानको संभाव्यता अध्ययन गरिनेछ ।
- थारु, मगर, दलित तथा अन्य जनजाती समुदायको कला, संस्कृति, भाषा तथा परम्पराको संरक्षण र पुस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय पर्व, जात्रा तथा सांस्कृतिक महोत्सवलाई पर्यटनसँग जोड्दै आर्थिक गतिविधि विस्तार गरिनेछ।
- होमस्टे, ग्रामीण पर्यटन तथा कृषि पर्यटन प्रवर्द्धन गरिनेछ।
- स्थानीय उत्पादन, हस्तकला तथा सांस्कृतिक पहिचानको ब्रान्डिङ गरिनेछ।

**विशेष नयाँ कार्यक्रम (Signature Programme)**
"एक **वडा** : एक **पर्यटकीय** गन्तव्य"
प्रत्येक वडाको प्राकृतिक, धार्मिक, सांस्कृतिक वा ऐतिहासिक विशेषताको पहिचान गरी कम्तीमा एउटा पर्यटकीय गन्तव्यको विकास गरिनेछ। यसबाट स्थानीय रोजगारी सिर्जना, आन्तरिक पर्यटन प्रवर्द्धन तथा स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाइनेछ।

## ९. भौतिक पूर्वाधार, सिचाई, खानेपानी तथा दिगो विकासः "गुणस्तरीय पूर्वाधार : समृद्धिको पूर्वशर्त"

दिगो, सुरक्षित, वातावरणमैत्री तथा गुणस्तरीय पूर्वाधार निर्माणमार्फत आर्थिक, सामाजिक तथा मानवीय विकासलाई थप गति दिइनेछ। पूर्वाधार विकासलाई केवल निर्माणमा सीमित नराखी **गुणस्तर, दिगोपन र अधिकतम उपयोगिता** सुनिश्चित गरिनेछ। आर्थिक वर्ष २०८३/८४ मा देहायका नीतिहरू अवलम्बन गरिनेछः

**१. गुणस्तरीय पूर्वाधार निर्माणः** सडक, पुल, भवन, खानेपानी, सिंचाइ, खेलमैदान तथा अन्य सार्वजनिक पूर्वाधारको निर्माणमा राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै गुणस्तर सुनिश्चित गरिनेछ।

२."**सुगम शान्तिनगर" अभियान**ः सबै वडालाई वर्षैभरि सहज आवागमन हुने गरी रणनीतिक सडकहरूको स्तरोन्नति तथा कालोपत्रे कार्यलाई प्राथमिकता दिइनेछ।

३. **सार्वजनिक भवन व्यवस्थापन**ः गाउँपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक भवनलाई आधुनिक, सुरक्षित, अपाङ्गतामैत्री र सेवामुखी बनाइनेछ।

४. **सिंचाइ तथा जलस्रोत विकास**ः कृषियोग्य जमिनमा वर्षभरि सिंचाइ सुविधा उपलब्ध गराउन साना तथा मझौला सिंचाइ आयोजना, पोखरी तथा जलाशय निर्माणलाई प्राथमिकता दिइनेछ।बबई नदिको पानी लिफ्टिङ यान्त्रिक सिंचाई आयोजना सञ्चालन गरिनेछ ।

५. **योजना गुणस्तर परीक्षण**ः निर्माण सम्पन्न भएका योजनाको नियमित प्राविधिक परीक्षण, अनुगमन तथा सामाजिक परीक्षणलाई अनिवार्य बनाइनेछ।

६. **पूर्वाधार मर्मत सम्भार**ः निर्माण भएका सार्वजनिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मतका लागि **पूर्वाधार मर्मत सम्भार कोष** स्थापना गरी सञ्चालन गरिनेछ।

## १०. रोजगार पर्वर्द्धन तथा उद्यमशीलताः "रोजगार सिर्जना : समृद्धिको आधार"

स्थानीय स्रोत, सीप, ज्ञान र सम्भावनाको अधिकतम उपयोग गर्दै रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा उत्पादनमा आधारित स्थानीय अर्थतन्त्र निर्माणलाई प्राथमिकता दिइनेछ।यसका लागिः

- स्थानीय युवा लक्षित उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- सीपमूलक तालिमलाई रोजगार तथा स्वरोजगारसँग प्रत्यक्ष जोडिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाको अनुभव र पुँजीलाई स्थानीय उत्पादनमा लगानी गर्न प्रोत्साहित गरिनेछ।
- महिला तथा युवालाई लक्षित स्टार्टअप तथा नवउद्यम कार्यक्रम सञ्चालन गरिनेछ।
- रोजगार प्रवर्द्धन तथा उधमशिलता केन्द्र मार्फत श्रम बैंकको अवधारणालाई कार्यान्वयन गरिनेछ।
- स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योग प्रवर्द्धन गरिनेछ।

## ११. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरणः "समान अवसर, सम्मानित जीवन"

समावेशी विकासको अवधारणालाई आत्मसात् गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, अल्पसंख्यक तथा विपन्न समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरणलाई प्राथमिकता दिइनेछ।

१.महिला उद्यमशीलता, नेतृत्व विकास तथा आर्थिक सशक्तीकरणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२.बालमैत्री स्थानीय शासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिनेछ।

३.ज्येष्ठ नागरिकको सम्मान, स्वास्थ्य सेवा तथा सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाउन उत्कृष्ट "श्रवण कुमार पुरुस्कार" बाट सम्मान गरिनेछ ।

४.अपाङ्गता भएका व्यक्तिको शिक्षा, सीप, रोजगार तथा सार्वजनिक सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ।

५. कपडाहरुको पुन प्रयोग सम्बन्धमा Cloth Bank स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

६. लैङ्गिक हिंसा, बालविवाह, छुवाछुत, घरेलु हिंसा तथा सबै प्रकारका सामाजिक विभेद अन्त्यका लागि बहुपक्षीय अभियान सञ्चालन गरिनेछ।

७. महिला, बालबालिका, दिर्घरोगी, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुलाई शान्तिनगर गाउँपालिकामा सेवा लिन आउँदा विधुतिय गाडीको सुविधा निःशुल्क उपलब्ध गराईनेछ ।

## १२. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः "हरित शान्तिनगर : सुरक्षित भविष्य"

वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियाको अभिन्न अङ्गका रूपमा आत्मसात् गरिनेछ। यसका लागिः

- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ।
- जलाधार संरक्षण तथा नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद् पूर्वतयारी तथा उद्धार सामग्री व्यवस्थापनलाई सुदृढ बनाइनेछ।
- विद्यालय तथा समुदायमा विपद् सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरमैला व्यवस्थापन तथा प्लास्टिक न्यूनीकरण अभियान सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तन अनुकूल कृषि तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

## १३. सूचना प्रविधि तथा डिजिटल सुशासनः"प्रविधिमैत्री सेवा, सहज नागरिक जीवन"

सूचना प्रविधिको प्रभावकारी उपयोगमार्फत सार्वजनिक सेवालाई छिटो, पारदर्शी, सरल र नागरिकमैत्री बनाइनेछ। डिजिटल प्रविधिलाई सेवा प्रवाह, योजना व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा प्रशासनसँग एकीकृत गर्दै **स्मार्ट स्थानीय सरकार** निर्माणको अभियानलाई अघि बढाइनेछ। आर्थिक वर्ष २०८३/८४ मा निम्न कार्यक्रम सञ्चालन गरिनेछन्–

- गाउँपालिका र वडा कार्यालयबाट प्रवाह हुने अधिकांश सेवालाई क्रमशः **Online Service Delivery** प्रणालीमा रूपान्तरण गरिनेछ।
- डिजिटल नागरिक बडापत्र, अनलाइन गुनासो व्यवस्थापन, डिजिटल टोकन प्रणाली तथा QR आधारित सेवा विस्तार गरिनेछ।
- गाउँपालिकाको एकीकृत **Management Information System (MIS)** विकास गरी तथ्याङ्कमा आधारित निर्णय प्रणालीलाई सुदृढ बनाइनेछ।
- साइबर सुरक्षा, डिजिटल अभिलेख व्यवस्थापन तथा ई–फाइल प्रणाली कार्यान्वयन गरिनेछ।
- विद्यालय, स्वास्थ्य संस्था तथा कृषि सेवामा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।

## १४. भुमि व्यवस्थापन तथा उर्जाः

१. दिगो भु-उपयोग, व्यवस्थित शहरीकरण र सामाजिक न्यायको लक्ष्य हाँसिल गरिनेछ। वास्तविक सुकुम्बासी र पहुँच नभएका विपन्न बर्गको पहिचान गरी उनिहरुलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने कार्य गरिनेछ ।

२. "**शान्तिनगर बासीको रहरः उज्यालो शान्तिनगर**" भन्ने अभियान स्वरुप शान्तिनगर गाउँपालिका भित्रका सम्पूर्ण ग्राहकको न्यून्तम शुल्क गाउँपालिका मार्फत नेपाल विद्युत प्राधिकरणमा रकम दाखिला गर्ने व्यवस्था मिलाईने नीतिलाई निरन्तरता दिइनेछ साथै विद्युत विस्तार हुन बाँकी स्थानमा यथासिघ्र विद्युत लाईन विस्तार गरी स्वच्छ उर्जामा सम्पूर्ण नागरिकको पहुँच स्थापित गरिने छ ।

## १५. राजस्व तथा वित्तीय सुशासनः पारदर्शी वित्त, दिगो विकास"

वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहितालाई सुदृढ गर्दै आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाइनेछ। **यसका लागि**

- राजस्व सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ।
- "कर तथा व्यवसाय दर्ता सप्ताह" सञ्चालन गरिनेछ ।
- करको दायरा विस्तार गर्दै कर प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ।
- करदातामैत्री सेवा प्रवाह गर्दै स्वेच्छिक कर सहभागितालाई प्रोत्साहन गरिनेछ।
- सार्वजनिक खर्चलाई नतिजामुखी, मितव्ययी तथा प्रभावकारी बनाइनेछ।
- बेरुजु न्यूनीकरण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाइनेछ।
- वित्तीय जोखिम व्यवस्थापन तथा पारदर्शी सार्वजनिक खरिद प्रणालीलाई प्राथमिकता दिइनेछ।
- प्रत्येक करदाताको डिजिटल प्रोफाईल तयार गरी Integrated Tax Payer Portal मा आवद्ध गरिनेछ ।

## आर्थिक वर्ष २०८३/८४ का पाँच विशेष कार्यक्रम

१. **"विद्यार्थीसँग जनप्रतिनीधि" अभियानः** प्रत्येक त्रैमासिकमा अध्यक्ष, उपाध्यक्ष तथा जनप्रतिनिधिले विद्यालयमा पुगेर विद्यार्थीसँग प्रत्यक्ष संवाद, सिकाइ अनुगमन र प्रेरणा कार्यक्रम सञ्चालन गर्ने।
२. **"एक वडा : एक उत्कृष्टता" कार्यक्रमः** प्रत्येक वडाले आफ्नो विशिष्ट पहिचान (कृषि, पर्यटन, शिक्षा, उद्योग, संस्कृति वा खेलकुद) विकास गर्ने।
३. **"डिजिटल शान्तिनगर २०८५" अभियानः** गाउँपालिकाका अधिकांश सार्वजनिक सेवाहरू पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गर्ने दीर्घकालीन अभियान अन्तर्गत Mobile app प्रयोगमा ल्याईनेछ ।
४. **"हरित शान्तिनगर" अभियानः** प्रत्येक नागरिकको सहभागितामा वृक्षारोपण, प्लास्टिकजन्य सामग्रीको प्रयोग न्यूनीकरण, जलस्रोत संरक्षण र स्वच्छ वातावरण निर्माण गर्ने अभियान।
५. **"समृद्ध किसान–आत्मनिर्भर शान्तिनगर" अभियानः** उत्पादन, प्रशोधन, ब्रान्डिङ र बजारीकरणलाई एउटै प्रणालीमा आबद्ध गरी किसानको आम्दानी वृद्धि गर्ने विशेष कार्यक्रम।

**अन्त्यमा,**

**"सबैको साथ, सबैको प्रयास : समृद्ध शान्तिनगरको आधार"**

आर्थिक वर्ष २०८३/८४ को प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, गाउँपालिकाका आवधिक योजना, दिगो विकास लक्ष्य (SDGs) तथा शान्तिनगर गाउँपालिकाको दीर्घकालीन विकास सोचसँग पूर्ण रूपमा अनुरूप रहेको छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट सुशासन, गुणस्तरीय सार्वजनिक सेवा, उत्पादन वृद्धि, रोजगारी सिर्जना, सामाजिक न्याय, वातावरण संरक्षण तथा दिगो आर्थिक विकासमा उल्लेखनीय उपलब्धि हासिल हुने विश्वास लिएको छु। यस अभियानलाई सफल बनाउन संघीय सरकार, लुम्बिनी प्रदेश सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज, सञ्चारमाध्यम, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, उद्योगी–व्यवसायी, किसान, युवा, महिला तथा सम्पूर्ण शान्तिनगरवासीको सक्रिय सहभागिता, सहकार्य र सहयोगको अपेक्षा गर्दछु।

**सभाका सम्पूर्ण सदस्यज्यूहरू,**

आज हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम केवल आगामी एक वर्षको कार्ययोजना मात्र होइन; यो **शान्तिनगरको समृद्ध भविष्य निर्माण गर्ने साझा संकल्प** हो। हाम्रो लक्ष्य योजना बनाउनु मात्र होइन, **परिणाम दिनु** हो। बजेट खर्च गर्नु मात्र होइन, **नागरिकको जीवनस्तरमा परिवर्तन ल्याउनु** हो। विकास गर्नु मात्र होइन, **दिगो, समावेशी र गुणस्तरीय विकास सुनिश्चित गर्नु** हो । हामी विश्वास गर्छौं, **"जहाँ सुशासन हुन्छ, त्यहाँ विकास हुन्छ। जहाँ गुणस्तरीय शिक्षा हुन्छ, त्यहाँ समृद्धि हुन्छ। जहाँ नागरिकको सहभागिता हुन्छ, त्यहाँ सफल स्थानीय सरकार निर्माण हुन्छ।"** त्यसैले, **सरकार एक्लैले समृद्धि निर्माण**

**गर्न सक्दैन।** जनप्रतिनिधि, कर्मचारी, शिक्षक, किसान, युवा, महिला, व्यवसायी, सञ्चारकर्मी, नागरिक समाज र सम्पूर्ण शान्तिनगरवासीको साझा प्रयासबाट मात्र "**समृद्ध, शिक्षित, स्वस्थ, आत्मनिर्भर र सुशासित शान्तिनगर**" निर्माण सम्भव छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण गाउँसभा सदस्यहरू, कर्मचारी, विकास साझेदार तथा सम्पूर्ण शान्तिनगरवासीबाट रचनात्मक सहयोग प्राप्त हुने पूर्ण विश्वास व्यक्त गर्दछु।

धन्यवाद
जय शान्तिनगर
दिनाङ्कः २०८३ साल असार १० गते बुधबार

............
प्रमोद बस्नेत
अध्यक्ष